प्रदेश सरकार

प्रदेश नं. ५

**सामाजिक विकास मन्त्रालय**

**सामाजिक विकास महाशाखा**

बुटवल, नेपाल

# सामाजिक संस्थाहरुको प्रदेश स्तरमा अभिलेख व्यवस्थापन प्रयोजनका लागि निवेदन साथ कागजात पेश गर्ने बारेको सूचना ।

प्रदेश सरकार , सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ बुटवलले महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार संरक्षण र सम्वर्धनका क्षेत्रमा प्रदेश नं. ५ मा क्रियाशिल विभिन्न संस्थाहरुको प्रदेश स्तरमा अभिलेख व्यवस्थापन गरी आगामी दिनमा सम्बन्धीत क्षेत्रमा समन्वय, सहकार्य र साझेदारी गर्ने प्रयोजनार्थ लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडीत र प्रभावित महिलाहरुका लागि सञ्चालित अल्पकालिन पुनर्स्थापना गृह, सेवाकेन्द्र, मानव वेचविखन तथा ओसारपसार प्रभावितका लागि सञ्चालित पुनर्स्थापना केन्द्र, असहाय तथा संरक्षण विहीन बालबालिकाहरुको संरक्षणको लागि सञ्चालित बालकल्याण गृह, बौद्धिक तथा अन्य अपाङ्गता भएका व्यक्तिहरुका लागि सञ्चालित अटिज्म केयर सेन्टर, मस्तिष्क पक्षघात केन्द्र (Cerebral Palsy center), पुनर्स्थापना केन्द्र, असहाय, वेसहारा तथा संरक्षण विहीन ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि सञ्चालित वृद्धाश्रम, मानव सेवा आश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुले तपसिल वमोजिमका कागजातहरु एक/ एक प्रति संलग्न गरी यो सूचना प्रकाशित मितिले ३० दिन भित्र निवेदन सहित आ-आफ्नो जिल्ला हेर्ने सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. संस्था दर्ता प्रमाणपत्र
२. आ व २०७७।०७८ को संस्था नविकरणको पत्र
३. संस्थाको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र (PAN)
४. आ व २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र
५. आ व २०७६।०७७ को लेखा परीक्षण प्रतिवेदन
६. आ व २०७६।०७७ को वार्षिक प्रगति प्रतिवेदन
७. संस्थाको विधान
८. यस मन्त्रालय वा आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ५ मा सूचीकृत भएकोमा सो समेत